# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार

## आर्थिक नियमावली - २०१७

**प्रस्तावना**

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा ६ मा उल्लेखित उद्धेश्यहरु मध्ये आर्थिक कारोबारहरुको कार्य सम्पादन पारदर्शी तवरले गर्न गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको दफा २६.४.३ को अधिनमा रही गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा १८.२ ले प्रदान गरेको अधिकार प्रयोग गरी आर्थिक नियमावली - २०१७ तयार पारी जारी गरिएको छ । जारी गरिएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस नियमावलीको नाम आर्थिक नियमावली- २०१७, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार हुनेछ । संक्षिप्तमा आर्थिक नियमावली - २०१७, एनआरएनए एनसिसि कतार हुनेछ ।

ख) यस नियमावली कार्यसमितिको पूर्ण बैठकले पारित गरेपछि तुरुन्त लागु हुनेछन् ।

**२. छाप र झण्डाको प्रयोग :-**

यस नियमावलीको लागि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको छाप र झण्डा नै प्रयोग गरिनेछ ।

### परिच्छेद- २

**३. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

क) "संघ" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउने छ ।

ख) "राष्ट्रिय समन्वय परिषद्" भन्नाले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतार भन्ने सम्झनु पर्दछ ।

ग) "विधान" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान भन्ने सम्झनु पर्दछ ।

घ) "वार्षिक भेला" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको वार्षिक भेलालाई बुझाउने छ ।

ङ) "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको अध्यक्षलाई बुझाउने छ ।

च) "उपाध्यक्ष भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको उपाध्यक्षलाई बुझाउने छ ।

छ) "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको महासचिवलाई बुझाउने छ ।

ज) "सचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको सचिवलाई बुझाउने छ ।

झ) "कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको कोषाध्यक्षलाई बुझाउने छ ।

ञ) "सह-कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको सह-कोषाध्यक्षलाई बुझाउने छ ।

ट) "परिषद सदस्य" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको कायसमितिको सदस्यलाई बुझाउने छ ।

ठ) "पञ्जिकृत सदस्य" भन्नाले साधारण सदस्यले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमको सदस्यता शुल्क बुझाई रित पूर्वक राष्ट्रिय समन्वय परिषद कतारले सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ ।

ड) "कार्यसमिति" भन्नाले विधानमा व्यवस्था भए बमोजिम गठन भएको राष्ट्रिय समन्वय परिषद् कतारको कार्यसमितिलाई सम्झनु पर्दछ ।

ढ) "अधिकार प्राप्त अधिकारी" भन्नाले यी नियमहरू बमोजिम तोकिएको अधिकार प्राप्त अधिकारी सम्झनुपर्छ ।

ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले विधान तथा नियमावली अर्न्तगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ ।

त) "बजेट" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको आय–व्ययको वार्षिक अनुमानलाई सम्झनुपर्छ ।

थ) "कोष" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको सबै प्रकारका रकम जम्मा हुने कोषलाई सम्झनुपर्छ ।

द) "कोटेशन" भन्नाले इच्छुक व्यक्ति फर्म वा विभाग संस्थाले खामबन्दी छाप लगाई पठाएको दररेट सहितको विवरण सम्झनुपर्छ ।

## परिच्छेद -३
## कोषको श्रोत सञ्चालन र प्रयोग

**४. कोषको श्रोत**

क) गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधानको परिच्छेद ८ को दफा ३१ मा उल्लेख गरिएका रकमहरु यस राष्ट्रिय समन्वय परिषद कतारको आर्थिक स्रोतहरु हुनेछ ।

ख) कोषको सञ्चालन, प्रयोग र जिम्मेवारी

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधानको परिच्छेद ८ को दफा ३२.१, ३२.२, ३२.३ र ३२.४ मा उल्लेख गरिएका पदाधिकारीहरुले नै यस कोषको व्यवस्थापन सम्हाल्नेछन्।

ग) गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार विधानको परिच्छेद ६ को दफा १७.७.१ अनुसार कोषको जिम्मेवारी कोषाध्यक्षको जिम्मामा रहनेछ।

घ) कोषाध्यक्षले कोषको सञ्चालन प्रक्रिया, संरक्षण, रेखदेख तथा नियन्त्रण गर्दा अध्यक्षले समय समयमा दिएका निर्देशनको समेत पालना गर्नुपर्नेछ र कोषको स्थितिको बारेमा समेत अध्यक्ष तथा कार्यसमितिलाई आवश्यकता अनुसार जानकारी दिनुपर्नेछ ।

## परिच्छेद - ४
## बजेट र खर्च गर्ने प्रक्रिया सम्बन्धी व्यवस्था

**५. बजेट**

क) गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको बजेट कोषाध्यक्षले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको विधान–२००३ (आठौं संशोधन) को दफा १७.७.४ १७.७.५ र दफा १८.२ बमोजिमको अधिनमा रही एक कार्यकालको लागि राष्ट्रिय समन्वय परिषदको बजेट तयार पारिनेछ ।

ख) बजेट विवरण तयार गर्दा सम्बन्धित कार्यकाल भित्र गर्न सकिने-नसकिने वार्षिक अधिवेशन वा राष्ट्रिय समन्वय परिषद्‌ले तय गरेका विविध कार्यक्रमहरु सम्पन्न गर्न सकिने नसकिने कुरालाई विचार गरी आय-व्ययको अनुमान वास्तवमा हुने आय-व्यय संग मिल्ने गरी तयार गर्नुपर्नेछ ।

ग) उपनियम (ख) बमोजिम पेस भएको प्रस्तावित बजेटको अनुमानलाई राष्ट्रिय समन्वय परिषद कतारले आवश्यकतानुसार थपघट वा संशोधन गरी अन्तिम रूप दिनेछ । कार्यसमितिले अनुमोदन गरेको प्रस्तावित बजेटलाई वार्षिक भेलामा पेश गरिनेछ ।

**६. बजेटको स्वीकृति**

प्रस्तुत भएको प्रस्तावित बजेट वार्षिक भेलाले सोही रूपमा वा हेरफेर वा संशोधन सहित स्वीकृति प्रदान गर्नेछ ।

**७. बजेट-नियन्त्रण गर्ने अधिकार**

स्वीकृत बजेटमा राष्ट्रिय समन्वय परिषद्‌ले आवश्यक्ता अनुसार नियन्त्रण गर्न सक्नेछ ।

**८. समयमा बजेट स्वीकृत नहुँदाको अवस्थामा गरिने व्यवस्था**

कुनै विशेष कारणबस कार्यकालको प्रारम्भमा बजेट स्वीकृत भइ नसकेको अवस्थामा भए गरेका आम्दानी खर्चहरुलाई कोषाध्यक्षले कार्यसमितिको पूर्ण बैठकबाट अनुमोदन गर्नु पर्नेछ। कोषाध्यक्षले कार्यसमितिबाट पारित आम्दानी खर्चको प्रतिवेदन वार्षिक भेलाबाट अनुमोदन गराउनु पर्नेछ ।

**९. रकमान्तर**

क) स्वीकृत बजेटको एक बजेट-शीर्षक अर्को बजेट-शीर्षकमा रकमान्तर नगरी नहुने अवस्थामा बाहेक स्वीकृत बजेटको रकमान्तर गर्नु गराउनु हुँदैन । रकमान्तर गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

ख) खर्च स्वीकृत बजेटबाट गर्ने

ग) कोषाध्यक्षले खर्च गरेका विल भरपाईहरु अध्यक्षले अनिवार्य रुपमा स्विकृति दिनुपर्नेछ ।

घ) खर्च गर्ने वा खर्चको स्विकृति दिने अधिकारीले देहायका कुराहरू विचार गर्नु पर्नेछ ।

१) रकम स्वीकृत बजेटभित्र र सम्बन्धित शीर्षकमा पर्दछ र रकम बाँकी छ/छैन ।

२) रकम कुनै योजनाको सम्बन्धमा राखिएको भए सो योजना स्वीकृत भइसकेको छ/छैन ।

३) रकम खर्च गर्नुभन्दा अघि खर्च गर्ने निकासाको आदेश प्राप्त भइसकेको छ/छैन ।

**१०. रकम खर्च गर्ने प्रक्रिया**

क) कुनै कार्यक्रमहरु आयोजना गर्दा कार्यसमिति वा सचिवालयबाट निर्णय भएको छ/ छैन र बजेट-शीर्षकको रकम विनियोजन भएको छ /छैन विचार गर्ने ।

ख) राष्ट्रिय समन्वय परिषद कतारले आयोजना गर्ने विभिन्न कार्यक्रमहरु स्विकृत बजेट भित्र रही पेश्की लिई सम्पन्न गर्नेछ ।

ग) कार्यक्रमहरु सम्पन्न भई सके पछि खर्च स्वीकृत गराई आवश्यक बिल भरपाई संलग्न गरी रकम अध्यक्षबाट स्विकृत गराई कार्य समितिको पूर्ण बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

घ) स्विकृत कागजात सहितको बिल भरपाईहरु संलग्न गरी लेखा राख्नुपर्नेछ ।

ङ) स्वीकृत बजेट भित्र रही नियमानुसार खर्च गरेको हिसाब-किताबहरु बिल, भरपाई, रसिद आदि प्रमाणित गरी अद्यावधिक गरी राख्ने, राख्न लगाउने उत्तरदायित्व कोषाध्यक्षको हुनेछ। कोषाध्यक्षको अनुपस्थितीमा यसको जिम्मेवारी सह-कोषाध्यक्षको हुनेछ।

च) कोषाध्यक्षले कुनै रकमको भुक्तानी दिँदा भुक्तानी दिनुभन्दा अगाडि रीत पुगे-नपुगेको जाँच गर्नुपर्नेछ । प्रत्येक बिल भरपाईहरूको पछाडी प्रयोजन खुलाई खर्च गर्ने व्यक्तिको दस्तखत लिई अध्यक्षबाट प्रमाणित गराउनु पर्नेछ ।

छ) कोषाध्यक्षले आर्थिक कारोबार गर्दा पूरा रेखदेख पुर्‍याई कुनै किसिमको हिनामिना, हानि-नोक्सानी हुन नपाउने गरी नगद जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध गर्नुपर्छ । आफूले गर्नुपर्ने काम प्रति सत प्रतिशत उत्तरदायित्व रहेनछ ।

ज) रकम खर्च गर्दा औचित्य, प्रभावकारिता र मितव्ययिताको सिद्धान्तका आधारमा गर्नुपर्नेछ । कोषाध्यक्षले कोषबाट भएको खर्च रकम वढीमा २० दिनभित्र फछर्यौट गरी गराई लेखांकन गर्नु पर्नेछ । सो बमोजिमको रकम बजेट रकममा वा सम्बन्धित अभिलेखमा मिलाउनु पर्नेछ ।

झ) अध्यक्ष, कोषाध्यक्ष र सह-कोषाध्यक्षले लेखा परीक्षण गराई बेरुजु निस्किए प्रचलित नियम बमोजिम फछर्यौट गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद- ५
## लेखा परीक्षण सम्बन्धी व्यवस्था

### ११. लेखा परीक्षण

ख) कोषाध्यक्षले विधानको परिच्छेद ८ को दफा ३२.६ अनुसार राष्ट्रिय महाधिवेशनबाट निर्वाचित लेखापरिक्षण समितिबाट यस कोषको आर्थिक कृयाकलापहरुलाई लेखा परिक्षण गराई यसको आर्थिक प्रतिवेदनहरु कार्यसमितिमा निर्णयको पेश गर्नु पर्नेछ ।

ख) परिच्छेद ८ को दफा ३२.७ अनुसार कार्यसमितिको तर्फबाट कोषाध्यक्षले प्राप्त लेखा परिक्षण प्रतिवेदनहरु पारित गरी वार्षिक भेलामा अनुमोदनका लागि पेश गर्नेछ । वार्षिक भेलाले देखिएका कैफियतहरुमा वा काम कारवाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा आवश्यक निर्देशन दिन सक्नेछ । सो बमोजिम दिइएको निर्देशनको पालना गर्नु कार्यसमितिको कर्तब्य हुनेछ ।

### १२. लेखाको निरीक्षण

क) लेखा परिक्षण समितिले आर्थिक कारोवारको प्रमाणित अभिलेख वा कागजात अद्यावधिक रूपमा राखेको छ-छैन भन्ने कुराको जुनसुकै बखत जाँच वा निरीक्षण गर्न सक्नेछ ।

ख) लेखापरीक्षण समितिले उपनियम (क) बमोजिम जाँच वा निरीक्षण गर्दा निजले आवश्यक निर्देशन दिन सक्नेछ । लेखा परीक्षणमा देहायका कुराहरू पनि समावेश गरी आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

(१) लेखा पद्धति सम्बन्धी त्रुटि,

(२) आर्थिक कारोबारमा भएका अनियमितता,

(३) नियमित हुनुपर्ने र गर्न सकिने आर्थिक कारोबारहरू,

(४) असुल-उपर गरिनुपर्ने रकम वा देखिएका बेरुजु,

(५) आर्थिक अनुशासन कायम राख्न आवश्यक देखिएका कुरा तथा सुझावहरू ।

## परिच्छेद- ६
## पेश्की र पेश्की फछर्यौट सम्बन्धी ब्यवस्था

**१३. पेश्की लिन फाँटवारी पेश गर्नु पर्ने**

क. राष्ट्रिय समन्वय परिषदले आयोजना गर्ने विभिन्न कार्यक्रमहरु स्विकृत बजेट भित्र रही गर्न पेश्की लिई सम्पन्न गर्नेछ। कार्यक्रम संयोजकले सो को लागि कति पेश्की चाहिने हो त्यसको फाँटवारी पेश गर्नुपर्नेछ ।

ख. दैनिक कार्य सञ्चालनको लागि अध्यक्ष र कोषाध्यक्षले कार्यसमितिबाट निर्णय गराई पेश्की लिन सक्नेछ।

ग. विशेष काम प्रयोजनको लागि संबन्धित विभागिय संयोजकहरुले पनि विभागिय समितिको निर्णयको आधारमा पेश्की माग गर्न सक्नेछ ।

**१४. पेश्की दिने र फछर्यौट गर्ने**

क) नियम १३ (क) बमोजिम दिइएको पेश्की यस नियममा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछर्यौट गर्नु-गराउनु पेश्की लिने दिने दुवैको कर्तब्य हुनेछ।

ख) राष्ट्रिय समन्वय परिषदले आयोजना गर्ने विभिन्न कार्यक्रमहरु वा सामाग्रीहरु खरीद वा अन्य कामबापत यस नियम बमोजिम कसैले लिएको पेश्की रकम सो कार्य समाप्त हुना साथ बिल भरपाई समेत संलग्न गरी २० दिन भित्रमा सो पेस्की रकम फछर्यौट गर्नुपर्नेछ ।

**१५. पेश्की फछर्यौट नगरेमा कारबाही गरिने**

क) पेश्की लिने ब्यक्तिले तोकिएको पेश्की फछर्यौट गर्नुपर्ने म्याद भित्र पेश्की फछर्यौट नगरेमा फछर्यौट हुन बाँकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक ६० प्रतिशतको दरले (सय कडा ५) ब्याज समेत लगाई लिइनेछ र कार्यसमितिले निर्णय गरी कारबाही गरिनेछ ।

ख) फछर्यौट हुन बाँकी पेश्की रकमको जिम्मेवारी सार्ने र बरबुझारथ गर्ने ।

राष्ट्रिय समन्वय परिषदको कामकाजको निमित्त एक कार्यकालमा गएको पेश्कीको रकम सोही कार्यकालमा फछर्यौट हुन नसकेमा जिम्मेवार ब्यक्तिले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको जिम्मेवारी अर्को कार्यकालमा सार्नुपर्नेछ ।

## परिच्छेद- ७
## अनुशासन तथा कार्वाही सम्बन्धि ब्यवस्था

**१६. अनुशासन सम्बन्धि ब्यवस्था :-**

क) राष्ट्रिय समन्वय परिषदले विधानको परिच्छेद ८ को दफा ३३ मा भएको ब्यवस्था बमोजिम नियमहरु सदैव पालना गर्नु पर्नेछ ।

ख) राष्ट्रिय समन्वय परिषदले आग्रह, पूर्वाग्रह, नातावाद, कृपावाद विचार र अन्य कुनै पनि स्वार्थवाट माथि रहि निःस्वार्थ मानवीय सहयोगलाई मूल उद्देश्य मानी आर्थिक कार्यहरु गर्नु पर्नेछ ।

ग) कोषाध्यक्षले यस नियमावली र कार्यसमितिका बैठकहरुले समय समयमा नियमानुसार बहुमतबाट पारित निर्णयहरुलाई पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

**१७. कारवाही सम्बन्धि व्यवस्था :-**

क) आर्थिक कारोबारहरु गर्दा अपचलन गरेको देखिएमा कार्यसमितिको वहुमतको निर्णयले काम कारबाहीहरु खाता रोक्का गरी आवश्यक कारवाही गर्नेछ ।

ख) राष्ट्रिय समन्वय परिषदले परिच्छेद विधानको परिच्छेद ८ को दफा ३३ उल्लेख भएको नियमहरु उलघंन भएको पाईमा वा आर्थिक अनियमितता भएको पाईएमा दफा ३४ मा भएको व्यवस्था बमोजिमका प्रक्रियाहरु अघि बढाईनेछ ।

## परिच्छेद- ८

## सम्पत्तिको जिम्मा, लगत र संरक्षण सम्बन्धी व्यवस्था

**१८. सम्पत्तिको जिम्मा सम्बन्धी व्यवस्था**

क) राष्ट्रिय समन्वय परिषदको नगद, बैङ्क मौज्दात, चेक, जिन्सी मालसामान र त्यसको स्रेस्ता र स्रेस्ता सम्बन्धी अभिलेख र कागज-पत्रहरू निरिक्षण गरी कोषाध्यक्षले आफ्नो जिम्मा रहनेछ ।

ख) उपनियम (क) बमोजिम जिम्मा रहेको राष्ट्रिय समन्वय परिषदको सम्पत्ति हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तब्य अध्यक्षको हुनेछ ।

**१९. सम्पत्तिको संरक्षण र सम्भार गर्ने उत्तरदायित्व**

नियम १८ बमोजिम लगत खडा गरी राखिएको नगद, सम्पत्ति, जन्सी मालसामान हानि नोक्सानी नहुने गरी संरक्षण र सम्भार गरी राख्ने मुख्य उत्तरदायित्व सम्बन्धित विभाग वा समिति प्रमुखको हुनेछ ।

**२०. बरबुझारथ**

क) नगद, जिन्सी मालसामानहरुको लगत स्रेस्ता आदिको जिम्मेवारी लिने ब्यक्ति वा पदाधिकारी वा सदस्यहरुले कुनै कारणले विभाग वा निकाय छोडी जाँदा वा कार्यसमितिबाट अलग हुँदा बरबुझारथ गर्नु निजको कर्तब्य हुनेछ । बुझी लिने पदाधिकारी वा सदस्यहरुले पनि तुरुन्त बुझी लिनुपर्नेछ । आलटाल गरी बुझी नलिएमा कार्यसमितिको निर्णय बमोजिम सजायको भागी हुनेछ ।

ख) उपनियम (क) बमोजिम बरबुझारथ गरिँदा नगद वा जिन्सी मालसामान आदिको हानि-नोक्सानी वा हिनामिना भएको देखिन आएमा त्यस्तो हानि-नोक्सानी वा हिनामिना भएको मालसामान वा आफ्नो जिम्मामा रहेको कुनै पनि मालसामान दाखिला गर्न नसकेमा त्यस्तो मालसामान जिम्मा लिने ब्यक्ति सँग त्यस्तो मालसामानको मूल्य असूल-उपर गरी निज माथि कारवाही समेत गरिनेछ ।

ग) उपनियम (ख) बमोजिम मूल्य असूल उपर गर्दा सो मालसामानको अवस्था तथा वर्तमान बजार मूल्यलाई समेत विचार गरी मूल्य कायम गरिनेछ । यसरी मूल्य कायम गर्ने काम कार्यसमितिले गर्नेछ ।

घ) उपनियम (क) बमोजिम बरबुझारथ गर्ने कर्तब्य भएको पदाधिकारी वा सदस्यहरु पत्ता नलागेको वा मरेको वा स्वास्थ्यको कारणबाट होस ठेगान नभएको वा बौलाएको रहेछ र त्यस्तो ब्यक्तिले गर्नुपर्ने बरबुझारथ निजको परिवारको कुनै सदस्यले गर्न चाहेमा निज वा निजले मन्जुरी गरी पठाएको ब्यक्तिबाट कार्य समितिले खटाएको ब्यक्तिको रोहबरमा जसले बुझिलिनुपर्ने हो बुझी लिनुपर्छ ।

**२१. बरबुझारथको प्रमाणपत्र**

क) नियम २० बमोजिम बरबुझारथ गर्ने कर्तब्य भएको पदाधिकारी वा सदस्यलाई सो बमोजिम बरबुझारथ गरि सकेपछि अनुसूची १ बमोजिमको बरबुझारथको प्रमाणपत्र दिनुपर्छ ।

ख) बरबुझारथ गर्ने पदाधिकारी वा सदस्यलाई उपनियम (क) बमोजिम प्रमाण-पत्र पेश नगरी निजलाई सफाई दिइने छैन ।

## परिच्छेद- ९

### खरीद गर्ने गराउने सम्बन्धी व्यवस्था

**२२. आदेश विना खरीद गर्न नहुने**

एनआरएनए एनसीसी कतारको कार्य सम्पादनको लागि कार्यसमितिको अध्यक्ष वा महासचिवको लिखित वा मौखिक आदेश विना मालसामान खरीद गर्नु, गराउनु वा काम गर्नु गराउनु हुँदैन ।

**२३. खरीद गर्ने तथा काम गराउने प्रक्रिया**

क) नियम २२ बमोजिम अख्तियारवालाको लिखित मौखिक आदेश प्राप्त गरेपछि देहाय बमोजिम रकमको मालसामान तथा सेवामा खरीद गर्दा वा काम लगाउँदा देहाय बमोजिमको प्रक्रियाद्वारा खरीद गर्न वा काममा लगाउन सकिनेछ।

(१) क.रि. २००.००।- (क.रि. दुई सय) सम्म कोषाध्यक्ष वा महासचिवले सोझै बजारबाट वा वार्तालापद्धारा ।

(२) क.रि. ५००.००।- ( क.रि. पाच सय) सम्मको सामाग्री खरिदमा अध्यक्षको मौखिक वा लिखित स्विकृतिमा कोषाध्यक्ष वा महासचिवले सोझै बजारबाट वा वार्तालापद्धारा ।

(३) क.रि. ५०१.००।- (क.रि. पाच सय एक) भन्दा माथिको रकमलाई कोटेशनको आधार सस्तोमा खरिद गर्ने ।

ख) उप नियम (क) (३) अनुसार आवश्यक सामानहरु खरिदको लागि दरभाउ-पत्र (कोटेसन) द्वारा सामान खरीद गर्दा वा काममा लगाउँदा सम्बन्धित मालसामानको कारोबार गर्ने कम्तीमा तीन वटा फर्म, कम्पनीहरूको नामावली सूची दर्ता गरी राख्नुपर्नेछ र सूचीकृत भएका फर्म, कम्पनी वा छापाखानाहरु मार्फत खरिद गर्न सक्नेछ ।

तर उप नियम ३ (क) मा जे सुकै लेखिएको भएता पनि ठूला कार्यक्रमहरु आयोजना गर्नको लागि कार्यक्रम हल, अत्याश्यक सामाग्रीहरु खरिद गर्न र खाना ऐच्छिक भए पनि कार्यक्रमको अवस्था हेरी व्यवस्थापन गर्न कार्य समिति वा सचिवालयले स्विकृति दिन सकिनेछ।

ग) सप्लायर्स सूचीकृत तयार पार्ने जिम्मेवारी आर्थिक समितिको हुनेछ तर यसलाई कार्यसमितिबाट निर्णय गरी पारित गराउनु पर्नेछ ।

## परिच्छेद -१०

### मर्मत सम्भार लिलाम-बिक्री सम्बन्धी व्यवस्था

**२४. मर्मत सम्भार सम्बन्धी काम गराउने**

राष्ट्रिय समन्वय परिषद कतारको भौतिक सम्पत्ति तथा खप्ने मालसामानको मर्मत-सम्भार गराउनुपर्दा स्वीकृत लागत इस्टमेट अर्न्तगत रही मालसामानको विवरण लिइ मितव्ययिता अपनाई मर्मत-सम्भार गराउन सक्नेछ ।

**२५. लिलाम-बिक्री गर्न सकिने**

राष्ट्रिय समन्वय परिषद कतारको सामान पुरानो भई काममा आउन नसक्ने वा टुटफुट भई वेकम्मा भएको प्रमाणित भएमा कार्यसमितिको निर्णयले नगदी कारोबारमा लिलाम-बिक्री गर्न सक्नेछ ।

**२६. लिलाम गर्ने प्रक्रिया**

क) अध्यक्ष वा निजले तोकिएको पदाधिकारी र कोषाध्यक्षले काममा आउन नसक्ने जिन्सी मालसामानहरू लिलाम-बिक्री गर्नु पर्ने कारण सहित देहायका विवरणहरु पेश गर्नु पर्नेछ ।

(१) सामानको विवरण,

(२) लिलाम बढाबढ हुने मिति, समय र स्थान,

(३) मालसामानको न्यूनतम मूल्य,

## परिच्छेद - ११

## विविध

**२७. मिनाहा दिने अधिकार**

क) टुटफुट नोक्सान हुने सामानहरु कुनै भवितब्य परी वा मनासिब कारणले मालसामान नोक्सानी हुन गएमा कार्यसमितिले विचार गरी मिनाहा दिन सक्नेछ ।

ग) आर्थिक अनियमिततामा देखिएका बेरुजु रकमहरु असुल-उपर गरिनु पर्ने तर सम्भव नभएका रकमहरुको मिनाहा कार्यसमितिको निर्णय र प्रस्तावलाई राष्ट्रिय समन्वय परिषदको बार्षिक भेलाले विचार गरी मिनाहा दिन सक्नेछ ।

**२८. आर्थिक सहायता दिन सक्ने**

राष्ट्रिय समन्वय परिषद कतारको बजेटमा समावेश गरिएको आर्थिक सहायता सम्बन्धी रकमबाट आर्थिक सहायता दिन सकिनेछ । तर सहायता दिईएका रकमहरुलाई कार्यसमितिको पूर्ण बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

**२९. असल नियतले गरेकोमा बचाउ**

यी नियमहरू बमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा राष्ट्रिय समन्वय परिषदको कुनै पदाधिकारी, सदस्यहरु, पञ्जिकृत सदस्यहरुका गल्ती देखिई कारवाहीको लागि अनुशासन तथा अनुगमन समितिबाट सिफारिस भई आए पनि पुर्नविचार गरी कुनै कारवाही नगर्न कार्यसमितिले फुकुवाको लागि निर्णय गरी बार्षक भेला वा राष्ट्रिय अधिवेशनमा अनुमोदनको लागि प्रस्ताव पेश गर्न सकिनेछ ।

**३०. अधिकार प्रत्यायोजन**

यी नियमहरूमा भएको ब्यवस्थाका अधिकारहरु बाहेक अरू अधिकारहरु कार्यसमितिले पदाधिकारीहरु तथा कार्यसमिति सदस्यहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३१. बाधा अड्काउ फुकाउने**

यी नियमहरू बमोजिम कामकारबाही गर्दा-गराउँदा कुनै किसिमको बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

**३२. बचाउ**

यस नियमावली पारित हुनु भन्दा पहिले भए गरिएका सबै आर्थिक काम कारवाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

३३. यस आर्थिक नियमावली- २०१७ मा लेखिए जति सोही नियम बमोजिम र नलेखिएका अन्य ब्यवस्थाहरूको हकमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान अनुसार राष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हुनेछ ।

३४ यो नियमावली राष्ट्रिय समन्वय परीषद कतारको २४ नोभेम्वर २०१७ मा बसेको कार्यसमितिको दोश्रो पूर्ण बैठकबाट पारित भई पारित भएकै मितिबाट लागु हुनेछ ।

......समाप्त ......

**अनुसूची-१**

( नियम २१ (१) सँग सम्बन्धित)

## गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार

### बरबुझारथको प्रमाण-पत्र

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार अन्तर्गत ........................................................ श्री ........................................... .................. को जिम्मामा रहेको राष्ट्रिय समन्वय परिषद कतारको नगदी / जिन्सी / कागजपत्र / अन्य सम्पत्ति / संलग्न विवरणमा उल्लेख गरिए अनुसार ........................................................ श्री ................................................................................ लाई बुझाइएको प्रमाणित गरिन्छ ।

.......................... ..........................................

बुझाउने नाम

पद :

बुझिलिनेको नाम

पद :

प्रमाणित गर्नेको नाम : ..........................

नामः ............................

पद


Email : nrnancc.qatar2003@gmail.com, nabinpokhrel2010@yahoo.com, budbal.grg@gmail.com